नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

फोन नं.: ०१-५३६२३६९, ०१-५९१२९७१
इमेल: info@dftqc.gov.np
वेभपेज: www.dftqc.gov.np
बबरमहल, काठमाडौं ।

पत्र संख्या:-
च. नं.:-
प्राप्त पत्र संख्या र मिति:-

मिति: २०८३/०७/११

## इनर्जी ड्रिक्स (Energy drinks) सम्बन्धमा उपभोक्ता, उत्पादक तथा सरोकारवालालाई जानकारी।

इनर्जी ड्रिक्सको उत्पादन तथा बिक्रीवितरण सम्वन्धी विषयमा केहि संचार माध्यमले यस विभागसंग विभिन्न ब्राण्डका इनर्जी ड्रिक्सलाई जोडेर समाचार प्रकाशन गरेको सम्बन्धमा विभागको ध्यानाकर्षण भएको छ। विभाग सदैव मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ता हित संरक्षणका लागि प्रतिवद्ध रहेको व्यहोरा समेत अनुरोध छ।

इनर्जी ड्रिक्स अल्कोहल-रहित (Non-alcoholic) क्याफिनेटेड वेभरेज (Caffeinated beverages) को समूहमा पर्ने पेय पदार्थ हो, जसमा मुख्य सम्मिश्रणका रूपमा Caffeine, Guarana, Glucuronolactone, Taurine, Inositol, Carnitine, B-vitamins, Sugar, Water र खाद्य योगशिलहरु प्रयोग गरिएको हुन्छ। यी सम्मिश्रित पदार्थहरुको विभिन्न मुलुक लगायत अन्तर्राष्ट्रिय संस्थाहरुले निश्चित मात्रामा उपभोग गर्न सकिने गरी सुरक्षित मात्रा निर्धारण गरेका छन्। European Food Safety Authority (EFSA), United State Food and Drug Administration (US-FDA) लगायत अन्तर्राष्ट्रिय संस्थाहरुका अनुसार एक स्वस्थ र वयस्क उमेरको व्यक्तिले Caffeine हुने सबै खाद्य पदार्थको (चिया, कफि, चकलेट, इनर्जी ड्रिक्स लगायतका क्याफिनेटेड वेभरेज) उपभोग गर्दा एक दिनमा कूल Caffeine को मात्रा ४०० मिलिग्राममा नबढने गरी उपभोग गर्न सकिने भनी वैज्ञानिक तथ्यका आधारमा दैनिक सुरक्षित उपभोगको मात्रा निर्धारण गरेको पाईन्छ। हाल, नेपालमा इनर्जी ड्रिक्स उत्पादन तथा बिक्रीवितरण गर्ने उद्देश्यले १७ वटा उद्योगहरुले नेपाल सरकारका विभिन्न निकायबाट अनुमति लिई उत्पादन तथा बिक्रीवितरण गरिरहेका छन् र सबै उत्पादनहरुमा Caffeine को मात्रा मानव उपभोगको लागि तोकिएको सुरक्षित मात्राको जम्मा २५ प्रतिशत भन्दा कम मात्रा प्रति क्यान (१०० मिलिग्राम) मात्र प्रयोग गरेको लेवल विवरण र प्रयोगशालाको विश्लेषण प्रतिवेदनबाट समेत पाईएको हुदा इनर्जी ड्रिक्स उत्पादकहरुले प्रयोग गरेको Caffeine को मात्रा मानव उपभोगको लागि सुरक्षित मात्रा भित्र रहेको देखिन्छ।

तसर्थ, आम उपभोक्ताले इनर्जी ड्रिक्सको लेवलमा उल्लेख भएको सचेतना (Warning) सन्देश अनुसार बालबालिका, गर्भवती तथा सुत्केरी महिला, मधुमेह लगायतका बिरामी र क्याफिनले असर गर्ने व्यक्ति वा समूह (Caffeine sensitive personnel) ले उपभोग नगर्ने साथै उपभोग गर्न मिल्ने व्यक्तिले एक दिनमा दुई क्यान (३३० मि.लि. सम्मका) भन्दा बढी उपभोग नगर्नु हुन अनुरोध छ। साथै, इनर्जी ड्रिक्सलाई पानी, जुस, दूध, मोही लगायतका पौष्टिक पेय पदार्थको सट्टामा सेवन नगर्न र अन्य पेय पदार्थमा मिसाएर उपभोग नगर्न समेत अनुरोध छ।

इनर्जी ड्रिक्सको उत्पादक एवं बिक्रेताले आफ्नो उत्पादनको कुनै पनि माध्यमबाट विज्ञापन गर्दा सो को व्यहोरा लगायत अन्य अनुमति लिनु पर्ने निकायबाट प्रचलित कानून बमोजिम अनुमति लिएर मात्र कार्य संचालन गर्न तथा लेवलमा उल्लेख गरिएका सचेतना सन्देश एवं उपभोगको लागि सुरक्षित मात्रा समेत प्रसारण गर्न सम्वन्धित खाद्य व्यवसायीलाई जानकारी गराईन्छ।

यस विभागद्वारा खाद्य स्वच्छता कायम गर्ने उद्देश्यले वैज्ञानिक तथ्य र अन्तर्राष्ट्रिय मापदण्ड एवं अभ्यासको आधारमा गरिएका कार्यहरुका विषयमा सर्वसाधारणलाई भ्रम श्रृजना तथा त्रास नहुने गरी वैज्ञानिक अध्ययनमा आधारित तथ्यहरु प्रसारण एवं सम्प्रेषण गरिदिनु हुन र खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्ने विषयलाई प्राथमिकता दिनुहुन सम्बद्ध सबैमा अनुरोध गरिन्छ।

इनर्जी ड्रिक्सको उत्पादक तथा बिक्रीवितरण गर्ने खाद्य व्यवसायीले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को प्रतिकूल कार्य गरेमा ऐनको व्यवस्था अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ।

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत